# अर्जुनचौपारी गाउँपालिकाको गाउँ प्रहरी व्यवस्थापन गर्न बनेको ऐन, २०८०

**प्रस्तावनाः**

अर्जुनचौपारी गाउँपालिकाले समय समयमा पारित हुने नीति, नियम, निर्णय, मापदण्ड तथा प्रशासनिक आदेशहरूको कार्यान्वयनमा सहयोग र सहजीकरणका लागि सुरक्षा, संरक्षण, व्यवस्थापन, नियन्त्रण, खोजी उद्धार राहत तथा पुनस्थापना गर्न गाउँ प्रहरी सेवा गठन गरी  अर्जुनचौपारी गाउँपालिकामा कानूनको शासन स्थापित गर्दै नागरिकलाई न्याय, सुरक्षा तथा व्यवस्थाको प्रत्याभूत गर्न वाञ्छनीय भएकोले, नेपालकोसंविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१)बमोजिम अर्जुनचौपारी गाउँपालिकाको तेह्रौं गाउँ सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "अर्जुनचौपारी गाउँपालिका गाउँ प्रहरी ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन अर्जुनचौपारी गाउँपालिकाको राजपत्रमा प्रकाशन गरेको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "गाउँपालिका" भन्नाले अर्जुनचौपारी गाउँपालिका सम्झनु पर्दछ ।

(ख) "सभा" भन्नाले अर्जुनचौपारी गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ ।

(ग) "अध्यक्ष" भन्नाले अर्जुनचौपारी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(घ) "उपाध्यक्ष" भन्नाले अर्जुनचौपारी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अर्जुनचौपारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) "अधिकृत" भन्नाले अर्जुनचौपारी गाउँपालिकामा कार्यरत अधिकृत कर्मचारी सम्झनु पर्दछ र सो शब्दले अधिकृतको रूपमा काम गर्न नेपाल सरकारबाट गाउँपालिकामा खटाइएको अधिकृतलाई समेत जनाउँछ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन कार्यान्वयन गर्न यसै ऐन अन्तर्गत बनेका नियम, निर्देशिका, निर्णयमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ज) प्रहरी सुपरीवेक्षक भन्नाले गाउँ प्रहरी प्रमुख सम्झनुपर्छ ।

(झ) “जवान” भन्नाले अधिकृत बाहेकका गाउँ प्रहरी जवान सम्झनुपर्छ ।

(ञ) "प्रहरी कर्मचारी” भन्नाले यस ऐन बमोजिम गठन भएको गाउँ प्रहरी सेवामा रहेका प्रहरी सुपरीवेक्षक, प्रहरी हवलदार र जवान सम्झनुपर्छ ।

## परिच्छेद -२

### ३. गाउँ प्रहरी सेवाको गठनः

(१) स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (क) एवं नेपाल सरकारको कार्य विस्तृतीकरण नीति बमोजिम गाउँ प्रहरीसँग सम्बन्धित अधिकार प्रयोग गरि गाउँ कार्यपालिकाले तोकेका कार्यहरू कार्यान्वयन गर्न अर्जुनचौपारी गाउँ प्रहरी सेवा गठन हुनेछ ।

(२) प्रहरी कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाको अन्य शर्त तोकिए बमोजिम हुनेछ ।

(३) प्रहरी कर्मचारीको नियन्त्रण र परिचालनको लागि कार्यपालिकाले आवश्यक नीति, निर्देशन र मापदण्ड जारी गर्नेछ । जारी नीति, निर्देशन र मापदण्डको कार्यान्वयन गर्नु गराउनु सबैको कर्तव्य हुनेछ।

(४) कार्यपालिकाबाट स्वीकृत नीति, निर्देशन र मापदण्डको आधारमा प्रमुख प्रशासकीय अधिकृतले प्रहरी कर्मचारीको नियन्त्रण र परिचालन गर्नेछ । प्रमुख प्रशासकीय अधिकृतको आदेश र निर्देशन पालना गर्नु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

(५) गाउँ प्रहरीको संगठन संरचनाः गाउँ प्रहरीको संगठन संरचना देहाय बमोजिम हुनेछ ।

क) गाउँ प्रहरी सुपरीवेक्षक (प्रहरी बरिष्ठ हवलदार वा सो सरह)
ख) गाउँ प्रहरी हवलदार (प्रहरी हवलदार वा सो सरह))
ग) गाउँ प्रहरी जवान (प्रहरी जवान वा सो सरह)

### ४. गाउँ प्रहरीको पोशाक र चिन्हः

( १ ) गाउँ प्रहरीको एक छुट्टै पोशाक हुनेछ ।गाउँ प्रहरी कर्मचारीको पोशाक सम्बन्धमा गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ । पोशाकमा पद अनुसारको नाम एवम् दर्ज्यानी चिन्ह रहनेछ । निजहरूको पोशाकको पाखुरामा अनुसूची ७ अनुसारको अर्जुनचौपारी गाउँपालिकाको ACRM लेखेको छुटै लोगो अंकित चिन्ह रहनेछ । लोगो भन्दा तल देहाय बमोजिमको दर्ज्यानी चिन्ह रहनेछ ।

क) गाउँ प्रहरी सुपरीवेक्षक - कुममा दुई फिता, तारा र षटकोण
ख) गाउँ प्रहरी हवल्दार - कुममा तीन फिता र षटकोण
ग) गाउँ प्रहरी जवान-- कुममा दुई फिता र षटकोण

## परिच्छेद-३
## प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

### ५. प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

गाउँ प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकारः प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(ख) गाउँमा हुने सभा समारोह, परम्परा तथा जात्रा, चाडपर्वको सुरक्षा र व्यवस्थापन गर्ने,

(ग) गाउँको बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवथापन गर्ने,

(घ) गाउँको सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन गर्ने,

(ङ) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन गर्ने,

(च) सार्वजनिक, ऐलानी र पर्तिजग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने,

(छ) बिपद् व्यवस्थापन अन्तर्गत खोजी, उद्दार, राहत तथा पुनस्थापना सम्बन्धी कार्य गर्ने,

(ज) अनधिकृत विज्ञापन तथा होडिङ बोर्ड नियन्त्रण गर्ने,

(झ) छाडा पशु चौपायाको नियन्त्रण गर्ने,

(ञ) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने,

(ट) गाउँ कार्यपालिका तथा वडा कार्यालयको सुरक्षार्थ आवश्यक व्यवस्था मिलाउने,

(ठ) गाउँपालिका क्षेत्रमा घुम्न आउने पर्यटकको सुरक्षाको लागि आवश्यक व्यवस्था गर्ने,

(ड) राजश्व उठाउने, व्यवसाय दर्ता अनुगमन गर्ने, मदिरा नियन्त्रण तथा अर्जुनचौपारी गाउँपालिकाको ऐन, नियम र कार्यविधि कार्यन्वयन गराउन सहयोग गर्ने,

(ढ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अन्य कार्य गर्ने ।

६.गाउँ प्रहरीको नियुक्तिः

(१) गाउँ प्रहरी सेवामा देहायका पदहरु रहनेछन् र रिक्त पदमा खुला प्रतियोगिताद्धारा र बढुवाद्धारा पूर्ति गरी नियुक्ती गरिनेछ ।

क) गाउँ प्रहरी सुपरीवेक्षक

ख) गाउँ प्रहरी हवलदार

ग) गाउँ प्रहरी जवान

(२) शुरुमा गाउँ प्रहरी सुपरीवेक्षकको पदमा पदपूर्ति भै कुनै कारणबाट रिक्त हुन आएमा सो पदमा पदपूर्ति गर्नुपर्दा कार्यरत मध्येका हवल्दार मध्येबाट कार्यदक्षता, अनुभव र कार्य कुशलताको आधारमा पदपूर्तिलाई प्राथमिकता दिईने छ । तर गाउँ प्रहरी सुपरीवेक्षकको लागि शैक्षियक योग्यता वा नेतृत्व क्षमता र कार्यकुशलताको लागि खुल्ला प्रतियोगिताबाट भर्ना गर्न कार्यालयले उपयुक्त देखेमा खुल्ला प्रतियोगिता मार्फत प्रतिशपर्धाबाट नै नियुक्ति गरिनेछ ।

(३) हवल्दार पद रिक्त भएमा पनि उपदफा (२) अनुसारकै प्रक्रियाबाट गाउँ प्रहरी जवानबाटै नियुक्ति हुनेछ ।सेवा गठन गर्दाको बखत गाउँ प्रहरी नियुक्ती गर्दा प्रचलित कानुन बमोजिम सेवा करार मार्फत गाउँ प्रहरी निरीक्षक १ र जवान २ जना मात्र गरिनेछ र अन्य आवश्यक जनशक्तिको व्यवस्था गर्नुपर्ने ठहरिएमा गाउँ सभाले गर्नेछ ।

(४) यस कार्यविधि बमोजिम गाउँ प्रहरी कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि कुनै पनि दाबी गर्न पाउने छैन ।

(५) उपदफा (१) बमोजिम करार गर्दा काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नुपर्नेछ । तर त्यस्तो करारको अवधी एक पटकमा ६ महिना वा १ वर्ष भन्दा बढी हुने छैन

(६) उपदफा (१) बमोजिम नियुक्ति नभए सम्मको लागि कार्यपालिकाले तोकेको संख्यामा करार सेवामा पदपूर्ति गर्न देहाय बमोजिम पदपूर्ति समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

ख) जिल्ला वा ईलाका प्रहरी कार्यालयको प्रहरी निरीक्षक वा मथिल्लो श्रेणीको अधिकृत प्रतिनिधि -सदस्य

ग) गाउँपालिकाको प्रशासन शाखा प्रमुख -सदस्य

(७) गाउँ प्रहरीको नयाँ भर्ना तथा पदपूर्तिका लागि छनोट प्रकृयामा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(८) समितिले गाउँ प्रहरीमा करार सेवाबाट पदपूर्ति गर्नुपर्दा समिति आफैले मापदण्ड बनाई पदपूर्ति गर्न वा नेपाल सरकारको जङ्गि, सशस्त्र वा जनपद मध्ये कुनै एकलाई गाउँ प्रहरीका विभिन्न पदमा छनोट गरिदिन अनुरोध गर्न सक्नेछ । यसरी छनोट भई आएका उम्मेदवारलाई गाउँ प्रहरीमा करार सम्झौता गरिनेछ । यस उपदफा बमोजिम छनोट गर्दाको थप मापदण्ड पदपूर्ति समितिले तोके बमोजिम हुनेछ ।

(९) समितिले करार सेवामा गाउँ प्रहरी भर्ना गर्दा नेपाल सरकार वा विदेशी सरकारको जङ्गी, शशस्त्र वा जनपदबाट अवकास प्राप्त व्यक्तिहरू मध्येबाट निवेदन माग गरी छनोट गर्न सक्नेछ । यसरी नियुक्ति गर्दा उम्मेदवारको उमेर हद ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।

**७. नियुक्ति गर्ने अधिकारीः**

दफा (६) बमोजिमको पदपूर्ति समितिको सिफारिसमा छनोट भएका प्रहरी कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति दिनेछ ।

**८. खुल्ला प्रतियोगिताको लागि योग्यताः**

गाउँ प्रहरी सेवाका विभिन्न पदहरूमा नियुक्ति गर्दा जुन जुन पदको लागि हो सो पदको लोक सेवा आयोगबाट निर्धारण भएको योग्यता र पाठ्यक्रम नै खुला प्रतियोगिताको लागि छनोट गर्ने प्रकृयाको आधार हुनेछ । गाउँ प्रहरीमा रहने पुरुष र महिला कर्मचारीको अनुपात कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**९. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः**

(१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खुला प्रतियोगिताको लागि पाठ्यक्रम निर्धारण गर्ने,

(ख) पदपूर्ति कार्यतालिका बनाउने,

(ग) परिक्षाको किसिम तोक्ने,

(घ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने,

(ङ) परिक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने,

(च) नियुक्तिका लागि सिफारिश गर्ने,

(छ) लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनि तोकिएका पदपूर्तिसँग सम्बन्धित अन्य कार्य गर्ने ।

(२) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि बनाई कार्यान्वयन गर्न सक्नेछ ।

**१०. योग्यताक्रम सूची तयार गर्नेः**

(१)पदपूर्ति समितिले उम्मेदवारले प्राप्त गरेको अङ्कको आधारमा योग्यताक्रम सूची तयार गरी नतिजा प्रकाशन गर्नु पर्नेछ । यसरी नतिजा प्रकाशन गर्दा कुल रिक्तपदको बढीमा बीस प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस गरिएका व्यक्तिलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिको लागि पेश गर्नेछ ।

(३)नियुक्तिको लागि सिफारिश भएको मितिले पैंतीस दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति गरी सक्नु पर्नेछ ।

(४) सिफारिस भएको उम्मेदवार १५ दिन भित्र नियुक्ति लिन नआएमा निजको सिफारिस स्वतः खारेज हुनेछ ।

**११. ज्येष्ठताक्रम कायम गर्नेः**

गाउँ प्रहरीको ज्येष्ठताक्रम कायम गर्दा पदपूर्ति समितिले सिफारिस गरेको योग्यताक्रमको आधारमा ज्येष्ठताको क्रम निर्धारण गरिनेछ ।

**१२. परीक्षणकालमा राखिनेः**

नयाँ नियुक्ति प्राप्त गाउँ प्रहरी कर्मचारीलाई तीन महिनाको परीक्षणकालमा राखिनेछ । सो अवधिमा प्रहरीकर्मचारीले सन्तोषजनक काम नगरेमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले निजको नियुक्ति रद्ध गर्न सक्नेछ।

**१३. नियुक्ति सदर हुनेः**

परीक्षणकालमा रहेको गाउँ प्रहरी कर्मचारीको काम सन्तोषजनक देखिएमा र आधारभूत तालिममा उत्तीर्ण भएमा त्यस्तो प्रहरी कर्मचारीलाई नेपालको राष्ट्रिय झण्डा र गाउँपालिकाको प्रमुख समक्ष शपथ ग्रहण गराई प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति सदर गरिनेछ।

## परिच्छेद-४

## आचरण

**१४. दान उपहार लिन नहुनेः**

गाउँ प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृत नलिई स्वदेशी तथा विदेशी संघ संस्था, निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्सिस, पुरस्कार,कोसेली र उपहार स्वीकार गर्नु हुदैन ।

**१५. चन्दालिन नहुनेः**

कुनै गाउँ प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

**१६. सम्पत्तिको विवरण पेश गर्नुपर्नेः**

गाउँ प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिनाभित्र गाउँ कार्यपालिकाको कार्यालयमा तोकिएको ढाँचामा सम्पत्ति विवरण दाखिला गर्नुपर्नेछ ।

**१७. व्यापार व्यवसाय गर्न नहुनेः**

प्रहरी कर्मचारीले कार्यालयको पूर्व स्वीकृति विना कुनै पनि व्यापार व्यवसाय गर्नु हुँदैन ।

**१८. कर्तव्य पालनाको शिलशिलामा जानकारीमा आएका कुराहरू प्रकाशन गर्न नहुनेः**

गाउँ प्रहरी कर्मचारीले गाउँपालिकाद्वारा अथवा विशेष रूपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैर सरकारी संघ संस्थाबाट प्राप्त गरेका वा आफैले लेखेको अथवा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट यस ऐन बमोजिमको अधिकार प्राप्त व्यक्ति बाहेक अन्य व्यक्ति वा संस्थालाई जानकारी गराउनु हुदैन ।

**१९. रेडियो, टेलिभिजन वा पत्रिकासँग सम्पर्क राख्न नहुनेः**

(१) प्रहरी कर्मचारीले गाउँपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा आम सञ्चारका माध्यमद्वारा प्रसारण गर्न हुँदैन ।

तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक, वैज्ञानिक वा व्यावसायिक विषयको भएमा यस्तो स्वीकृति लिईरहनु पर्दैन ।

उपदफा (१) बमोजिम प्रकाशन वा प्रसारण गर्न मिल्ने सामग्रीको सम्बन्धमा त्यस्तो सामग्री प्रकाशन वा प्रसारण गरेपछि गाउँपालिकालाई सोको जानकारी गराउनु पर्दछ ।

**२०. गाउँपालिकाको आलोचनाः**

गाउँ प्रहरी कर्मचारीले गाउँपालिकाको नीतिको विपरीत अथवा गाउँपालिकाको प्रतिष्ठानमा आँच आउने गरी विचार व्यक्त गर्ने, सम्वाद, लेख, रचना प्रकाशन गर्नु हुँदैन।

**२१. निर्वाचनमा भाग लिन नहुनेः**

गाउँ प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा मत माग्न वा कुनै प्रकारले प्रभाव पार्न हुँदैन ।

**२२. राजनीतिमा भाग लिन नहुनेः**

प्रहरी कर्मचारीले कुनै राजनीतिक दल र सो सँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनीतिक संस्थालाई चन्दा दिन अथवा कुनै राजनीतिक संस्था वा आन्दोलनलाई सहयोग गर्न हुँदैन ।

**२३. समय पालन र नियमितताः**

गाउँ प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रूपमा आफ्नो पालोमा हाजिर हुनु पर्दछ र स्वीकृत गराएर मात्र बिदामा बस्नुपर्नेछ ।

**२४. अनुशासन र आज्ञापालनः**

(१) गाउँ प्रहरी कर्मचारीले अनुशासित भई तत्परताका साथ आफ्नो कर्तव्य पालना गर्नु पर्नेछ ।

(२) गाउँ प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफुभन्दा माथिका अधिकृतले दिएको आदेशलाई पालना गर्नु पर्नेछ ।

(३) गाउँ प्रहरी कर्मचारीले सदैव आफ्नो प्रमुखको आदेशको मातहत (चेन अफ कमाण्ड) मा रही कार्यसम्पादन गर्नुपर्नेछ।

**२५. बाहिरी प्रभाव पार्न नहुनेः**

प्रहरी कर्मचारीले कार्यसम्पादनको सिलसिलामा कुनै अनुचित प्रभाव पार्ने वा पार्ने प्रयत्न गर्न हुँदैन।

**२६.बहुविवाह गर्न नहुनेः**

प्रहरी कर्मचारीले प्रचलित कानून विपरीत हुनेगरी बहुविवाहवा अनमेल विवाह गर्न वा गराउनु हुँदैन।

**२७.लैङ्गिक सम्वेदनशील हुनुपर्नेः**

प्रहरी कर्मचारीले कार्यसम्पादन गर्दा लैङ्गिक सम्वेदनशीलतालाई ध्यान दिनुपर्नेछ ।

२८. हातपात वा जोरजुलुम गर्न नहुनेः

प्रहरी कर्मचारीले आफुभन्दा माथिल्लो वा मातहतको प्रहरी कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन हुँदैन ।

## परिच्छेद—५

## कसुर तथा सजाय

**२९. सजायः**

(१)गाउँ प्रहरी कर्मचारीलाई सजाय गर्ने र गराउँने आदेश दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ । सजायको आदेश दिनु अघि कारबाही गर्न लागिएको विषय र सजाय स्पष्ट खुलाई सफाई पेश गर्ने मौका दिइनेछ ।

(२) गाउँ प्रही कर्मचारीले पेश गरेको स्पस्टीकरण चित्तबुझ्दो नभएमा कसुरको प्रकृति हेरी प्रहरी कर्मचारीलाई देहायको सजाय हुन सक्नेछः-

(क) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने,

(ख) नसिहत दिने,

(ग) तलब वृद्धि वा पदोन्नति रोक्का गर्ने,

(घ) एक तह तलको पदमा घटुवा गर्ने ।

(ङ) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने,

(३) गाउँ प्रहरी कर्मचारीको लापरबाहीको कारण गाउँपालिका लाई कुनै हानि नोक्सानी भएको ठहर भएमा त्यस्तो हानी नोक्सानीको बिगो बमोजिमको रकम निजबाट असुल गरिनेछ।

**३०. नसिहत दिने वा प्रतिकुल राय लेख्नेः**

गाउँ प्रहरी कर्मचारीले काममा साधारण लापरबाही गरेमा नसिहत दिन सकिनेछ। दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरबाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकुल राय लेखिनेछ ।

**३१.तलब वृद्धि वा पदोन्नति रोक्नेः**

गाउँ प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीलेनिजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

## ३२.दर्जा / तलब घटाउने / बर्खास्त गर्नेः

कुनै गाउँ प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र गाउँपालिकालाई हानि नोक्सानी पुर्याएकोमा सो समेत निजबाट भराउन सक्नेछः-

(क) सन्तोषजनक काम नगरेमा,
ख) अनुशासनहीन व्यवहार प्रदर्शन गरेमा,
ग) पदीय आचरण उल्लंघन गरेमा,
घ) मनासिब कारण नभई नियुक्ति भएको एक वर्ष भित्रै नोकरीबाट अलग हुन झुठ्ठा कारण देखाएमा,
(ङ) कार्यपालिकाले दिएको आदेश वा निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा,
(च) मनासिब कारण नभई वा बिदा स्वीकृत नगराई बिदा बसेकोमा वा गैर हाजिर भएमा,
(छ) काममा लापरबाही गरेमा वा ऐन वा नियमको पालना नगरेमा ।

## ३३. सजाय गर्ने अधिकारः

(१) प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) प्रमुख प्रशासकीय अधिकृते आवश्यक ठानेमा स्वयं वा अन्यकुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ। जाँचबुझ गर्ने अधिकृतले आवश्यकता अनुसार सम्बन्धित प्रहरी कर्मचारीलाई समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(३) कुनै फौजदारी अभियोगमा पुर्पक्षको लागि थुनामा रहेको प्रहरी कर्मचारी थुनामा रहेको अवधि भर स्वतः निलम्बन हुनेछ ।

(४) यस दफा बमोजिम सजायको प्रकृया अवलम्बन गर्नु पूर्व प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ ।

(५) फौजदारी अभियोग लागेको प्रहरी कर्मचारीले अभियोगबाट सफाई पाएमा निजले पूर्ववत सेवामा बहाल रहने सुविधा पाउनेछ ।

(६) सजाय दिने अधिकारीले प्रहरी जवान र हवल्दार पदमा कार्यरत कर्मचारीलाई सजाय दिदा प्रस्तावित सजाय सम्बन्धमा गाउँ प्रहरी सुपरीवेक्षकको राय लिन सक्नेछ ।

## परिच्छेद-६
## विविध

**३४. विदा सम्बन्धी व्यवस्थाः**

गाउँ प्रहरी कर्मचारीको विदा सम्बन्धी व्यवस्था प्रचलित कानुन अनुसार करार सम्झौता उल्लेख हुनेछ ।

**३५. पुरस्कार तथा प्रोत्साहनः**

प्रहरी कर्मचारीले कर्तव्यपालनको सिलसिलामा उल्लेखनीय प्रशंसनीय कार्य गरेमा त्यस्तो प्रहरी कर्मचारीलाई पुरस्कार तथा प्रोत्साहन स्वरूप रकम वा अन्य सुविधा गाउँपालिकाबाट उपलब्ध गराउन सकिनेछ ।

**३६. सेवा सुविधा र चाडवाड खर्चः**

प्रहरी कर्मचारीले प्रचलित कानुन अनुसार तलब भत्ता साथै करार अवधि छ महिना भए पश्चात प्रत्येक वर्ष निजले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम चाडवाड खर्चको रूपमा पाउनेछ । गाउँ प्रहरीको बिमा कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

**३७.करार नवीकरण हुनेः**

यस ऐन बमोजिम काररमा नियुक्त प्रहरी कर्मचारीको कार्य सम्पादन सन्तोषजनक भएमा निजसँग भएको करार सम्झौता नवीकरण हुनेछ ।

**३८. यसै ऐन बमोजिम हुनेः**

प्रहरी कर्मचारीको पारश्रिमिक, सेवाका शर्त, तथा अन्य सुविधा यस ऐनमा व्यवस्था भएकोमा यसै ऐनबमोजिम हुनेछ । यस ऐनमा व्यवस्था नभएका विषयका हकमा प्रचलित कानून बमोजिम गाउँकार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

**३९. नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउने अधिकारः**

यस ऐनको कार्यान्वयन गर्नको लागि गाउँपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्नसक्नेछ ।

**४०. वाधा अड्काउ फुकाउने अधिकारः**

यस ऐन कार्यान्वयन र व्याख्यामा कुनै दुविधा परेमा गाउँ कार्यपालिकाले वाधा अडकाउ फुकाउने गरी निर्णय गर्न सक्नेछ ।

अनुसूची-१

दफा ४ को उपदफा १ सँग सम्बन्धित

अर्जुनचौपारी गाउँपालिकाको गाउँ प्रहरीको देहाय अनुसार दर्जानी चिन्ह रहनेछ ।

क) गाउँ प्रहरी सुपरीवेक्षक — छातीमा अर्जुनचौपारी प्रहरी लेखिएको, कुममा दुई फिता, तारा र षटकोण
ख) गाउँ प्रहरी हवल्दार — छातीमा अर्जुनचौपारी लेखिएको, कुममा तीन फिता र षटकोण
ग) गाउँ प्रहरी जवान — छातीमा अर्जुनचौपारी प्रहरी लेखिएको, कुममा दुई फिता र षटकोण

आज्ञाले